प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

## नोभल कोरोना भाइरस (COVID-19) सम्बन्धि दैनिक प्रतिवेदन

मिति: २०७७/०३/१०

(बेलुका ५:०० बजे)

### ❖ मुख्यमुख्य क्रियाकलापहरु

- आज काठमाडौंमा १, भाकतपुरमा १, र चितवनमा १ गरि थप तीनजनामा संक्रमण पुष्टि भएको छ भने सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत संक्रमितको सम्पर्कमा आएका व्यक्तिको खोजी (Contact tracing), सम्पर्कितहरुको फलो-अप र व्यवस्थापन कार्य द्रुत रुपमा भईरहेको छ ।

### ❖ बागमती प्रदेशमा संक्रमितहरुको विवरण

हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको करिब ३ प्रतिशत रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा बढी रहेको छ, हाल यो तथ्यलाई सामान्यीकरण गर्न कठिन भएतापनि यसलाई प्रदेशले गम्भीरताको साथ नजिकबाट नियालिरहेको छ ।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | १०७२८ (१००%) | ३२७ (१००%)$ |
| निको भएको | २३३८ (२१.७ %) | ९१ (२७.८%)* |
| उपचाररत | ८३६६(७७.९८%) | २३२ (७०.९.%)* |
| मृत्यु भएको | २४ (०.२२%) | ४ (१.२२%)* |

श्रोत : सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०३/१०

* कुल संक्रमितको संख्यालाई आधार मानेर निको भएका, उपचाररत र मृत्यु भएकाको % निकालिएको

$ धादिंगमा हिजो दोहोरिएको केसलाई आज पुनर्मुल्यंकन गरि हटाईएको हो

## ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, आर.डी.टि.(RDT), पी.सि.आर.(PCR) परिक्षण सम्बन्धि विवरण

हाल सम्म बागमती प्रदेशमा ११२३५ वटा क्वारेन्टाईन बेड व्यवस्थापन गरेकोमा अहिले २११५ जना बस्दै आउनुभएको र १०३७ जना अहिले होम क्वारेन्टाईनमा बस्दै आउनुभएको छ। यस प्रदेशमा १२४२ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले २७० जना बस्दै आउनुभएको छ। आजको मिती सम्मको बिवरण अनुसार ३०९९३ जनाको आर डी टी परिक्षण गरिएकोमा ७०० जनाको पोजेटिभ आएको छ र १४१५५ जनाको पि सि आर परिक्षण गरिएको छ।

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइनमा रहेका | आइसोलेसन | | RDT किटबाट गरिएको परिक्षण | | | (RT-PCR) परिक्षण सम्बन्धी विवरण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | बसेका | जम्मा | नेगेटिभ | पोजेटिभ | जम्मा संकलित स्वाब संख्या | पोजेटिभ | कै. |
| काठमाण्डौ | 1363 | 158 | 27 | 256 | 19 | 9644 | 9347 | 297 | 3780 | 30 | (+12) |
| ललितपुर | 329 | 19 | 6 | 217 | 81 | 3944 | 3916 | 28 | 1916 | 5 | (+1) |
| भक्तपुर | 313 | 52 | 21 | 42 | 0 | 1957 | 1944 | 13 | 1582 | 4 | (+13) |
| रसुवा | 277 | 22 | 0 | 35 | 0 | 514 | 503 | 11 | 49 | 0 | |
| नुवाकोट | 1222 | 351 | 308 | 26 | 7 | 2574 | 2478 | 96 | 523 | 16 | |
| धादिङ | 1180 | 240 | 125 | 100 | 79 | 2583 | 2455 | 128 | 876 | 107 | (+6)* |
| चितवन | 2465 | 523 | 0 | 302 | 28 | 1412 | 1397 | 15 | 2425 | 43 | (+3) |
| सिन्धुली | 429 | 110 | 82 | 32 | 1 | 1174 | 1141 | 33 | 542 | 4 | (+3) |
| मकवानपुर | 352 | 105 | 314 | 35 | 21 | 1764 | 1746 | 18 | 870 | 11 | (+4) |
| रामेछाप | 509 | 121 | 6 | 75 | 9 | 862 | 856 | 6 | 387 | 23 | (+3) |
| दोलखा | 1185 | 87 | 1 | 41 | 0 | 1563 | 1557 | 6 | 188 | 0 | (+2) |
| काभ्रे | 807 | 185 | 66 | 13 | 0 | 2373 | 2335 | 38 | 416 | 0 | (+6) |
| सिन्धुपाल्चोक | 804 | 142 | 81 | 68 | 25 | 1329 | 1318 | 11 | 601 | 25 | (+6) |
| जम्मा | 11235 | 2115 | 1037 | 1242 | 270 | 31693 | 30993 | 700 | 14155 | 268 | (+59) |

श्रोत ;सम्बन्धित् जिल्लाबाट दैनिक प्राप्त जानकारी अनुसार, + सम्बन्धित जिल्लाभन्दा अन्यत्रबाट प्राप्त विवरण अनुसार (MOHP), *धादिंग बाट हिजो दोहोरो हुन गएको केस लाई हटाईएको

कोरोना रोकथाम र नियन्त्रण गर्न क्वारेन्टाइन, आइसोलेशन बेड संख्या र गुणस्तर वृद्धि गर्न तथा अन्य ब्यवस्थापनको लागी प्रदेश सरकार प्रतिबद्ध छ। यस विषम परिस्थितीमा संयमीत हुन र हात धुने, मास्कको प्रयोग, एक अर्कासंग दुरी कायम गर्ने जस्ता सावधानी अपनाउनुहुन आग्रह गर्दछौं।

## ❖ हेटौडा स्थित प्रदेश प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण

हेटौडास्थित प्रदेश प्रयोगशालामा भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छः

हालसम्म प्राप्त स्वाबको संख्या —६७४०

हिजो परिक्षण हुने क्रममा रहेको र आज परिक्षण भईसकेको ३४४ स्वाब (नमुना) मध्ये बाराको १जनामा पोजिटिभ नतिजा आएको छ भने बाँकी ६०१ स्वाब परिक्षण हुने क्रममा छ।

## ❖ महत्वपूर्ण अपडेट

**महामारीको सन्दर्भमा पोषण पुनस्थापना गृह संचालनको लागी  स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले अन्तरिम निर्देशिका जारी गरेको छ ।**

हाल गरिएको बन्दाबन्दीका कारण बजार,, पसल बन्द रहेको तथा आय आर्जनको स्रोतमा पनि असर परेका कारण विशेष गरि शिशु, बालबालिका, गर्भवती, तथा स्तनपान गराइरहेका महिलाहरु कुपोषणको बढि जोखिममा रहेका छन् । कुपोषणबाट महिला तथा बालबालिकालाई बचाउन उनिहरुको खानपान तथा हेरचाहमा विशेष ध्यान दिनु पर्दछ । कोरोना भाइरसको संक्रमणबाट सेवाग्राही र स्वास्थ्यकर्मी दुबैलाई बचाउदै पोषण पुनस्थापना गृहको सेवा सुचारु गर्न आवश्यक सावधानी र उपचार पद्धतिका बारेमा एकरुपता ल्याउन मार्ग दर्शन उपयोगी रहेको छ ।

निर्देशिकाले निम्नबमोजिम बिषयमा महत्वो दिएको छ।पोषण पुनस्थापना गृहलाई कोभिड-१९ उपचारका लागि क्वारेन्टाईन, आइसोलेन वा अन्य प्रयोजनमा प्रयोग नगर्न उक्त स्थानबाट दिइने पोषण पुनस्थापना सेवालाई नियमित राख्न निर्देशन गरिएको छ। त्यस्तै पोषण पुनस्थापना गृहका लागि आवश्यक सामग्रीहरु (एफ ७५, एफ १००, अन्य खानेकुरा तथा औषधीहरु) यथेस्ट मौजाद भए नभएको सुनिश्चित गर्नु पर्ने बिषयमा जोड दिईएको छ ।बहिरंग सेवा को महत्वो, आबस्यकता, भर्नाको लागि निर्णय र अपनाउनु पर्ने सावधानीहरु,पोषण पुनस्थापना/उपचार गर्दा ध्यान दिनु पर्ने कुराहरु, डिस्चार्ज प्रक्रिया र ध्यान दिनु पर्ने कुराहरु उल्लेख गरिएको छ ।यस निर्देशिकाको सहि प्रयोगले हालको परिस्थितिमा पोषणमा उल्लेख्य योगदान पुराउने देखिन्छ ।

निर्देशिका निम्न वेब पेज प्राप्त गर्न सकिने छ : https://drive.google.com/file/d/1V5FRhbaTrcd1oE_Bf48FO7wlI8UHjqY5/view

## ❖ थप जानकारीको सम्बन्धमा

| | | |
|---|---|---|
| कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनका लागि निम्न उल्लेखित वेब पेज हेर्नको लागि हार्दिक अनुरोध छ। | ⟶ | http://mosd.p3.gov.np/<br>https://covid19.mohp.gov.np/<br>heoc.mohp.gov.np/<br>edcd.gov.np/ |

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं।**

**धन्यवाद !**

प्रवक्ता (कोभिड-१९)
डा. पुरुषोतम राज सेढाई